# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कार्यालय कोड नं.८०१०११४०७
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

सूचना। सूचना।। सूचना।।।

नेपाल भित्र अन्यत्र अन्यत्र भएका घटना वा प्रशंगलाई आधार बनाएर यस कोशी गाउँपालिकाका स्थानीय बासिन्दाहरुलाई मानसिक त्रास उत्पन्न हुने गरी भर्खरै चल्न थालेको निराधार हल्ला प्रति कोशी गाउँपालिकाको ध्यानाकार्षण भएको छ ।

बिगत केहि दिन देखि रातको समयमा स्थानीय समाज अस्थिर र त्रासपूर्ण अवस्थाबाट गुज्रीन जाँदा यस गाउँपालिका भित्र बसोबास गर्ने नागरिकको दैनिक जीवनमा समेत असर पर्न थालेको छ ।
यस पालिका अन्तर्गत नेपाल प्रहरीका विभिन्न युनिटहरु लगायत सशस्त्र प्रहरी बलको धेरै स्टेशनहरु रहेको एवम् सडक सन्जालको उपलब्धताको कारणले कुनै पनि वडामा पहुँच बनाउन कठिनाई नरहेको परिप्रेक्ष्यमा अमनचैनमा बाधा पुऱ्याउने कार्य तत्काल नियन्त्रण गर्न सक्षम रहेको व्यहोरा सबैका लागि जानकारी गराइन्छ ।
खास गरी रात परेपछी चोर आउँछ भनेर सतर्क हुनु नराम्रो अवश्य होइन तर भविष्यपरक आँकलनको आधारमा हुल बनाएर गस्ती गरेको भन्दै सार्वजनिक स्थलमा भेला भएर उत्तेजित हुँदा काम विशेषले बाटो हिड्ने निर्दोष मान्छेले समेत अमानवीय व्यवहार भोग्नु परेको तीतो यथार्थलाई नजरअन्दाज पनि गर्न नमिल्ने हुँदा यस पालिका अन्तर्गत सबै आदरणीय जनसमुदायहरुलाई कुनै शंकास्पद व्यक्ति वा गतिविधि पाइए तुरुन्त इलाका प्रहरी कार्यालयहरु एवमं, प्रहरी चौकीहरु लगायत सशस्त्र प्रहरी बलको बिओपी स्टेशनको तपसिलको नम्बरहरुमा फोन गरेर प्रशासनलाई सहयोग गरिदिनु हुन अपील गरिन्छ।

सम्पर्क विवरणः
-ईलाका प्रहरी कार्यलय लौकही-९८५२०४१३९०
- ईलाका प्रहरी कार्यलय भण्टावारी-९८५२०४१३९५
-अस्थाई प्रहरी पोष्ट कोशी कटान-९८५२०४१३१०
-प्रहरी चौकी हरिपुर-९८६९७५५१०९
-प्रहरी चौकी श्रीपुर-९८५२०८५०१२
- अस्थाई प्रहरी पोष्ट कोशी ब्यारेज-९८५२०४१२९७
-शसस्त्र प्रहरी बल BOP लौकही-९८५१२७२३०६
- शसस्त्र प्रहरी बल BOP श्रीपुर-९८५१२७२३६३
- शसस्त्र प्रहरी बल BOP भण्टावारी-९८५१२७२३०४

ऐयूब अंसारी
अध्यक्ष

ऐयुब अंसारी
अध्यक्ष